# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, मंसिर १५ गते, २०७६ साल (अतिरिक्ताङ्क २८

## भाग १

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

प्रदेश नं. ३ को प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७६ सालको अध्यादेश नं. ०१**

# प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७६

**प्रस्तावना**ः हाल प्रदेश सभाको अधिवेशन नचलेको र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई तत्काल समसामयिक संशोधन गर्न आवश्यक परेकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम तत्काल प्रदेश मन्त्रिपरिषदको सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) अध्यादेश, २०७६" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९.**पारिश्रमिक र सुविधाः** (१) आयोगका अध्यक्ष र सदस्यहरूको पारिश्रमिक अनुसूची-१क. मा उल्लेख भए बमोजिम हुनेछ।

(२) आयोगका अध्यक्ष र सदस्यले उपदफा (१) बमोजिमको पारिश्रमिक र सुविधा निजले ऐनको दफा ४ को उपदफा (३) बमोजिम पद तथा गोपनीयताको सपथ लिएको मितिदेखि पाउनेछ ।

(३) आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी सेवाका शर्त, पारिश्रमिक र सुविधा परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।"

३. **मूल ऐनमा दफा ९क. र ९ख. थप**: मूल ऐनको दफा ९ पछि देहायको दफा ९क. र ९ख.थपिएको छः-

"९क. **बिदा सम्बन्धी व्यवस्थाः** (१) आयोगका अध्यक्ष तथा सदस्यले देहाय बमोजिमका बिदा पाउनेछन्:-

(क) पर्व बिदा र भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा ,

(घ) किरिया बिदा,

(ङ) प्रसूति बिदा

(च) प्रसूति स्याहार बिदा ।

(२) आयोगका अध्यक्ष तथा सदस्यले वार्षिक छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा पाउनेछ ।

तर एक वर्षको भैपरी र पर्व बिदा अर्को वर्षको लागि सञ्चित हुने छैन ।

(३) आयोगका अध्यक्ष तथा सदस्यले काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले घर बिदा पाउनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त घर बिदा बढीमा नब्बे दिनसम्म सञ्चित गर्नसकिनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको निमित्त काम गरेको अवधि भन्नाले भैपरी तथा पर्व बिदा बसेको दिन र सार्वजनिक बिदाको दिन समेतलाई कायम गरिनेछ ।

(५)आयोगका अध्यक्ष तथा सदस्यले प्रत्येक वर्ष बाह्र दिनका दरले बिरामी बिदा पाउनेछ ।

(६) उपदफा (५) बमोजिम खर्च नभएको बिरामी बिदा सञ्चित गर्न सकिनेछ ।

(७) आयोगका अध्यक्ष तथा सदस्यले उपदफा (४) र (६) बमोजिमको सञ्चित बिदा बापत निजले खाई पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम अवकाशको समयमा एकमुष्ट पाउनेछ ।

(८) आयोगका अध्यक्ष तथा सदस्यले आफैं किरिया बस्नु परेमा पन्ध्र दिनसम्मको किरिया बिदा पाउनेछ।

(९) आयोगका अध्यक्ष वा सदस्य गर्भवती भएमा सुत्केरीको अघि वा पछि गरी अन्ठानब्बे दिनसम्म प्रसूति बिदा पाउनेछ।

(१०) आयोगको अध्यक्ष वा सदस्यको पत्नी सुत्केरी भएमा निजले पन्ध्र दिनसम्म प्रसूति स्याहार बिदा पाउनेछ।

(११) यस दफा बमोजिम सदस्यले पाउने बिदा अध्यक्षले र अध्यक्षले पाउने भैपरी तथा पर्व बिदा निज आफैंले र सो बाहेकका अन्य बिदा प्रदेश प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।"

**"९ख. <u>औषधी उपचारः</u>** आयोगका अध्यक्ष तथा सदस्य आफू बिरामी भई स्वदेशमा उपचार गराउँदा लागेको सरकारी अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधी खर्च वा मासिक पारिश्रमिकको डेढ गुणामा जुन रकम कम हुन्छ सो बराबरको रकम ।

तर यस्तो उपचार खर्च बापतको रकम प्रदान गर्ने प्रयोजनका लागि चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको स्पष्ट निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ।"

४. **<u>मूल ऐनमा अनुसूची थपः</u>** मूल ऐनको अनुसूची-१ पछि देहायको अनुसूची-१क. थपिएको छः-

## अनुसूची-१.क

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

### <u>लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको पारिश्रमिक, सेवा, सुविधा</u>

| क्र.सं. | सुविधाको प्रकार | अध्यक्ष | सदस्य |
|---|---|---|---|
| १. | पारिश्रमिक (मासिक) | रु.६०,६८०।- | रु.४७,३८०।- |
| २. | आवास सुविधा (मासिक) | रु.२०,०००।- | रु.२०,०००।- |
| ३. | आफ्नो घरमा बस्ने लोक सेवा आयोगको अध्यक्ष तथा सदस्यलाई घर मर्मत तथा सरसफाई (मासिक) | रु.१०,०००।- | रु.७,५००।- |
| ४. | लुगा भत्ता (वार्षिक) | रु.१०,०००।- | रु.१०,०००।- |
| ५. | सवारी साधन, चालक, इन्धन, मोबिल, मर्मत (मासिक) | कार्यालयबाट उपलब्ध हुने (इन्धन मासिक १०० लि. र मोबिल त्रैमासिक ५ लि. र बिजुली, टेलिफोन (मासिक) रु.२,५००।-) | रु.४७,०००।- |
| ६. | चाडवाड खर्च | एक महिनाको पारिश्रमिक रकम | एक महिनाको पारिश्रमिक रकम |
| ७. | दैनिक भ्रमण भत्ता(प्रतिदिन) | रु.२,०००।- | रु २,०००।- |
| ८. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | २२५ अमेरिकी डलर | १७५ अमेरिकी डलर |

**५.** **<u>बचाउः</u>** यो अध्यादेश प्रारम्भ हुनु अघि नियुक्ति भएका आयोगका अध्यक्ष तथा सदस्यले यसै अध्यादेश बमोजिमको सुविधा पाउनेछ।

**जारी मितिः २०७६।०८।१५**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-